# कालिञ्चोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

## आन्तरिक आय संकलनको ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५।५।१८)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम यस गाउँ कार्यपालिकाले आ. व. २०७५/७६ का लागि तपशिलमा उल्लेखित शिर्षकहरूमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ३ नं. प्रदेश सरकारले तोकेको दररेटमा साविक जिल्ला विकास समितिको कार्यालय, दोलखाले २ बर्षको लागि स्वीकृत गरेको **प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन** २०७४ (IEE Report 2074) मा उल्लेखित यस गाउँपालिका अर्न्तगत पर्ने खोला तथा नदीनालाहरुबाट स्वीकृत परिमाण भन्दा बढी उत्खनन् नहुने गरी बालुवा, गिटी, रोडा, ग्राभेल र लोहोरे ढुङ्गा आदिमा संकलन तथा निकासी कर संकलन गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित नेपाल कानून बमोजिम दर्ता भै प्रमाण पत्र लिएका ठेकेदार फर्मले यस कार्यालयबाट प्रमाणित बोलपत्र खरीद गरी तपशिलको शर्तका आधारमा आफूले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई शिलबन्दी बोलपत्र दिनु पर्नेछ । उल्लेखित ठेक्काहरूको कर दस्तुरको दररेट र शर्तहरू बोलपत्र फाराममा संलग्न गरिने छ तथा यस कार्यालयको सूचना पाटीमा टाँस गरिने छ । यसरी बोलपत्र दिंदा मू.अ.क. दर्ता प्रमाण पत्र, आ. व. २०७४/७५ को कर चुक्ता प्रमाण पत्र र आ. व. २०७४/७५ को फर्म नविकरण पत्र बोलपत्र साथ राखी आफूले कबुल गरेको ठेक्का अंकको ३ प्रतिशतका दरले हुने धरौटी रकम यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चरिकोटमा रहेको धरौटी खाता १३००३०००००००००३००००१६ मा जम्मा गरी सो को सक्कल भौचर वा यस कार्यालयको नाममा ठेक्का नं. समेत उल्लेख गरी नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त बैंकले जारी गरिएको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्रदाताको सही छाप भएको शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु पर्नेछ । म्याद नाघी आएको, रित नपुगेको, कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको बोलपत्र फारामलाई मान्यता दिइने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

### तपसिल

| क्र. सं | ठेक्का नं. | ठेक्का शिर्षक | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) आ.व. २०७५/०७६ को लागि | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | ०१/२०७५/७६ | **वालुवा, गिटी, रोडा, ग्राभेल, लोहरेढुंगा संकलन तथा बिक्री कर** नगदह/मलेपु, कोशीखेत, गुमुखोला, चप्लेटी/सिंगटी क्षेत्र | २००१४९२०।- | ५०००।०० |

१. बोलपत्र विक्रि हुने अन्तिम मिति, समय :-प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयसम्म (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) ।

२. बोलपत्र दाखिला गर्ने अन्तिम मिति, समय : प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२ बजेसम्म ।

३. बोलपत्र विक्रि गर्ने स्थान : कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा ।

४. बोलपत्र दाखिला गर्ने स्थान : कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय, सुनखानी, दोलखा ।

५. बोलपत्र खोलिने स्थान, मिति, समय : कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय, सुनखानीमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २ बजे ।

६. बिस्तृत जानकारीको लागि कालिञ्चोक गाउँकार्यपालिकाको कार्यालय, सुनखानीमा सम्पर्क गर्न सकिने छ ।